म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २७२ २०८० भदौ ११ गते सोमबार 28 August 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-




## मकवानपुरका सिंह संसदीय समितिको सभापति बन्नुहुँदै



*संघीय संसदको पूर्वाधार विकास समितिको सभापति पदमा उम्मेदवारी दर्ता गराउनुहुँदै दीपक बहादुर सिंह । तस्वीरः अनलाइनखबर ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित दीपक बहादुर सिंह संसदको पूर्वाधार विकास समितिको सभापति बन्दै हुनुहुन्छ। दलहरुबीच समितिको नेतृत्वको विषयमा भागबण्डामा गर्ने क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को भागमा परेको थियो। राप्रपाले मकवानपुरबाट निर्वाचित सिंहलाई पूर्वाधार विकास समितिको सभापतिको उम्मेदवार बनाएको हो ।

दलहरुबीच संसदीय समितिको नेतृत्वमा पूर्वसहमति भएकोले सिंह पूर्वाधार विकास समितिको सभापति बन्नुहुने निश्चित जस्तै छ। प्रतिनिधिसभा सदस्य निर्वाचन भएको नौं महिनापछि मात्र संसदीय समितिको नेतृत्व चयन प्रक्रिया अघि बढेको हो । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुखले १० वटै विषयगत समिति सभापतिको निर्वाचन सोमबार दिउँसो ३ बजेका लागि निर्धारण गरेको घोषणा अनुरुप निर्वाचन प्रक्रिया अघि बढेको हो। माओवादीका माधव सापकोटा सिंहको प्रस्तावक बन्नुभएको छ ।

संसदीय समितिको सभापति जस्तो प्रभावशाली पद पाउनु सिंहको राजनीतिक जीवनको महत्वपूर्ण उपलब्धी समेत हो । यसअघि नगर प्रमुखको पदमा पटक-पटक पराजित सिंहले मुलुकको पूर्वाधार विकासको नीतिगत तहमा प्रभावशाली भूमिका निर्वाह गर्ने अवसर रहनेछ ।

लेखा समिति सभापतिमा नेकपा एमालेका ऋषिकेश पोखरेलले उम्मेदवारी दर्ता गराउनुभएको छ । एमालेकै किरण साहले महिला बालबालिका तथा सामाजिक समितिको सभापतिमा उम्मेदवारी दर्ता गराउनुभएको छ। नेपाली कांग्रेसबाट आरजु राणा देउवाले कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, रामहरि खतिवडाले राज्य व्यवस्था तथा सुशासन समिति र सन्तोष चालिसेले अर्थ समितिको सभापतिमा उम्मेदवारी दिनुभएको छ। कांग्रेसले नै पाएको संसदीय सुनुवाइ समितिमा भने कसैले उम्मेदवारी दर्ता गरेका छैनन् । सभापति शेरबहादुर देउवा पक्षले शेखर-गगन पक्षलाई एउटा मात्र समिति सभापति छुट्याएपछि उनीहरुले नाम दिएका छैनन् ।

नेकपा माओवादी केन्द्रकी विमला सुवेदीले कानुन, न्याय तथा मानव अधिकार समितिमा उम्मेदवारी दिनुभएको छ। जनमत पार्टीका अब्दुल खानले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा उम्मेदवारी दिनुभएको छ । भागवण्डामा जनता समाजवादी पार्टी र एकीकृत समाजवादीले पनि एक एक वटा समितिको सभापति पाएका छन् ।

## गरगहना र नगद चोरी गर्ने ४ जना पक्राउ



*प्रहरीले सार्वजनिक गरेको गरगहनासहित नगद चोरीको घटनामा संलग्न र चोरीका गहना खरिद गर्ने व्यक्ति ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले सुनका गरगहनासहित नगद चोरी गर्ने ४ जनाको गिरोहलाई पक्राउ गरेको छ। गत साउन ३० गते बिहान ११ बजेर २५ मिनेटको समयमा हेटौँडा-९, लामसुरेधापस्थित सुशीला साउदको घरबाट पाँच लाख बत्तिस हजार रुपैयाँ बराबरको चोरी भएको थियो ।

चोरी गर्ने समुहले नगद ३० हजार रुपैयाँ, सुनको सिक्री डेढ तोलाको १ थान, सुनको बाला १ तोलाको १ थान, सुनको चन्द्र हार १ तोलाको १ थान, सुनको टप ४ आनाको १ जोडी, सुनको मुन्द्रा २ आनाको १ जोडी र घडी १ थान चोरी भएको भनी प्रहरीमा निवेदन दर्ता भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीको अनुसन्धानबाट साउन २९ गते चोरी गर्ने उद्देश्यले ४ जनाको समुह २ वटा मोटरसाईकलमा काठमाडौंबाट हेटौंडा आएको खुलेको छ। चोरी गर्ने समुहले साउन २९ गते दिउँसोको समयमा बन्द रहेको घरहरु रेक्की गर्ने कार्य गरेको र ३० गते घर फोडी चोरी गरेको प्रहरीले जनाएको छ ।

चोरी गरी बिक्री गरिसकेको अवस्थामा चोरीमा संलग्न र किन्ने व्यक्तिलाई समेत प्रहरीले पक्राउ गरेको जनाएको छ। पक्राउ पर्नेमा सिन्धुपाल्चोक, पाँचपोखरी थाङ्याल गाउँपालिका-७ का २८ वर्षीय भिमलाल लामा, सोही स्थानका २८ वर्षीय प्रदिप तामाङ, २९ वर्षीय आकाश तामाङ र चोरी भएको गरगहनाहरु खरिद गर्ने हाल काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित रितु सुन पसलका संचालक ३१ वर्षीय राजेन्द्र रसाईलीलाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ।

मकवानपुर प्रहरी र काठमाडौंको बौद्ध प्रहरीको संयुक्त टोलीले काठमाडौंको विभिन्न ठाउँबाट उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले उनिहरुको साथबाट प्रदेश ०२-०२८ प २४२२ नम्बरको २०० सीसीको एनएस पल्सर मोटरसाइकल र ओपो कम्पनीको मोबाईल १ थान, सामसुङ कम्पनीको मोबाईल १ थान, हवाई कम्पनीको मोबाईल १ थान र आईफोन मोबाईल १ थान बरामद गरेको छ ।

चोरी भएको सुनलाई गालेर बनाएको सुनको झुम्का १ जोर, रामबिला पत्थर झुम्का १ जोर, पानवाला झुम्का १ जोर, सोली पट १ जोर, धानको बाला झुम्का १ जोर, औंठी ४ थान, आधुनिक झुम्का १ जोर, आयताकार झुम्का १ जोर, पिजडा मुन्द्रा १ जोर र नगद २४ हजार २ सय रुपैयाँ बरामद गरेको प्रहरीले जनाकारी दिएको छ । घटनामा संलग्न अर्को एक व्यक्तिको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। पक्राउ पर्नेहरुमाथि डाँकासम्बन्धी कसुरमा अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**

- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ। छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**कैलाश गाउँपालिका**
**मकवानपुर**

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever

25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

**BBS** Bachelor of Business Studies

**ADMISSION ONGOING**

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

*Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080*

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

# सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## स्रष्टाको सम्मान गरौं

देशको भाषा, साहित्य, कला, संस्कृतिको उन्नयनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिलाई स्रष्टा भनिन्छ । आफ्नो सिर्जनात्मक लेखन तथा प्रस्तुतिकरणबाट समाजमा जागरण ल्याउन स्रष्टाको भूमिका महत्वपूर्ण मानिन्छ । मुलुकको सामाजिक रुपान्तरण र राजनीतिक परिवर्तनमा पनि स्रष्टाहरुको योगदान अतुलनीय पाइएको छ । स्रष्टाको सिर्जनामा पाइने परिवर्तनमुखी चेतनाले नेपाली समाजमा जागरण ल्याउन र हरेक व्यक्तिलाई परिवर्तनका निम्ति सक्रिय बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । स्रष्टाले साहित्य, कलालगायत सम्पूर्ण वाङ्मयको समुचित विकासका निम्ति देश र समाजलाई गम्भीर र सचेत बनाउन भूमिका खेलिरहेको भए पनि विभिन्न तहको सरकारले स्रष्टा र साहित्यलाई समुचित महत्व प्रदान गर्न सकेको देखिँदैन । ठूला राजनीतिक परिवर्तनपछि सबै मुलुकले साहित्यलगायत कलाका विविध रुपलाई महत्व दिएर स्रष्टाहरुको भूमिकालाई अझ सिर्जनात्मक र सबल बनाउन रचनात्मक भूमिका निर्वाह गर्ने गरेको भए पनि हाम्रो देशमा भने त्यस्तो वातावरण बन्न सकेको पाइँदैन । राज्यले भाषा, साहित्य, कला, संस्कृति, संगीतलगायत क्षेत्रमा गरिरहेको लगानीबाटै यो कुरा स्पष्ट हुन्छ ।

शुक्रबार मकवानपुरे एक श्रष्टाको निधन भएको छ । मकवानपुरका वरिष्ठ साहित्यकार तथा शिक्षासेवी तुल्सी थापाको उपचारको क्रममा निधन भएको हो । भरतपुर स्थित पुरानो मेडिकल कलेजको सघन उपचार कक्षमा उपचारको क्रममा थापाको निधन भएको थियो । लामो समयदेखि स्मरण क्षमता हराउँदै गएका थापा मुटु, मृगौला र फोक्सोको समस्याबाट ग्रसित हुनुहुन्थ्यो । दुई दिनअघि उपचारका लागि अस्पताल भर्ना हुनुभएका ७८ वर्षीय थापा वि.सं २००२ साल असोज ३ गते मकवानपुरको भैंसेमा जन्मनुभएको थियो । थापाले आनन्दकुटी विद्यापीठ, स्वयम्भू, काठमाडौंबाट एसएलसी उत्तीर्ण गर्नुभएको थियो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट बीए/बीएड सम्मको अध्ययन पूरा गर्नुभएको थियो । वि.सं २०३३ सालमा महेन्द्र माध्यमिक विद्यालय भीमफेदीबाट शिक्षण सेवा सुरु गर्नुभएका थापाले जनकल्याण मावि पालुङ, कालिका मावि नामटार, कृष्ण मावि भैंसेमा समेत सेवा गर्नुभयो ।

शिक्षण सेवाकै बीचमा थापा तत्कालीन जिल्ला पञ्चायतमार्फत् प्रजा विकास कार्यक्रमको विकास अधिकृतको रुपमा काजमा खटिनुभयो । आर्थिक, सामाजिक, शैक्षिक सबै आधारमा पछाडि परेका चेपाङ समुदायको समग्र विकासका लागि सुरु गरिएको प्रजा विकास कार्यक्रमको नेतृत्व गर्ने क्रममा थापाले चेपाङको बसोबास क्षेत्र मकवानपुर, चितवन र धादिङमा रहेर काम गर्नुभयो । चेपाङ समुदायको चौतर्फी विकासका लागि थापाले निर्वाह गर्नुभएको भूमिका महत्वपूर्ण रहेको थियो । सरकारी शिक्षण सेवाबाट अवकास लिएर थापाले केही समय निजी विद्यालयको नेतृत्वसमेत गर्नुभएको थियो । शिक्षासँगै साहित्य क्षेत्रमा पनि थापाको योगदान महत्वपूर्ण रहेको छ । कथा, कविता तथा नाटक विधामा कलम चलाउनुहुने थापा "दाना कविता" का प्रणेता हुनुहुन्छ । उहाँ भाषा, साहित्य, शिक्षा र सामाजिक सद्भावमा निरन्तर लागिरहेका अग्रज स्रष्टा हुनुहुन्थ्यो । थापाका "एक निमेष अनन्तको" कविता संग्रह, अमरसिंहको खोजीमा अमरसिंह नाटक, फरक आकाश कथा सग्रहलगायत कृति प्रकाशित छन् । थापाले गोरखा दक्षिण बाहु चौथो (२०४४), नारायणी वाङ्मय पुरस्कार (२०५८) सहित दुई दर्जन पुरस्कार र सम्मान प्राप्त गर्नुभएको छ । उहाँ भीम विराग संगीत साहित्य कला प्रतिष्ठानका पूर्वअध्यक्षसमेत हुनुहुन्थ्यो ।

राजनीतिले जस्तो कला, साहित्यले परिवर्तनका निम्ति सिधै भूमिका खेल्दैन । त्यसैले होला, राजनीतिमा लाग्नेहरुले राज्यबाट विभिन्न सुविधा, अवसर, मान-सम्मान प्राप्त गरिरहँदा स्रष्टाहरुले पाउन सकेका छैनन् । राज्यले भाषा, साहित्य, कलालगायत क्षेत्रलाई अनुत्पादक क्षेत्र मान्ने गरेकै कारण स्रष्टाहरु उपेक्षित बन्नु परिरहेको छ । स्रष्टाको सिर्जनाले मानिसलाई भित्रबाट बदल्दै परिवर्तनको प्रक्रियामा सहयोगी बनाउँछ भन्ने चेत राजनीति गर्ने व्यक्ति र राज्यको उच्च तहमा रहेका प्रशासकमा नआएसम्म स्रष्टाको सम्मान हुन सक्दैन । तीनै तहको सरकारले भाषा, साहित्य र कलाको विकासमा सहयोग गर्दै स्रष्टा र सिर्जनाको समुचित सम्मान गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल




पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई-लेखाईको कामबाट लाभ प्राप्त होला ।
**वृष** : उपहार र पुरस्कार प्राप्त हुने समय योग छ ।
**मिथुन** : आफ्नै बलबुताले काममा पूर्णता प्राप्त हुने छ ।
**कर्कट** : विभिन्न कल्पना र सपनाले मन विचलित होला ।
**सिंह** : घरयासी समस्या र बाधा योग रहने छ ।
**कन्या** : अरुको काममा समय खर्च हुने योग देखिन्छ ।
**तुला** : बोलीको प्रभाव बढ्नुका साथै यात्रा तय होला ।
**वृश्चिक** : लगनशिल र श्रमले लाभ प्राप्त हुने समय छ ।
**धनु** : स्वभावनालाई नियन्त्रण राखेर काम गर्दा राम्रो ।
**मकर** : आत्मविश्वासले काममा पूर्णता प्राप्ति होला ।
**कुम्भ** : रचनात्मक काममा सरिक भईने समय योग छ ।
**मीन** : सांसारिक दौडधुपप्रति वितृष्णा पैदा हुने समय छ ।

# तुल्सी सरको सपना अधुरै रह्यो



देवप्रसाद श्रेष्ठ



मुलुकले नै अनुकरण गर्न सक्ने गरी शिक्षा, समाज र साहित्यमा योगदान गर्नुभएका मकवानपुरका गहना आदरणीय तुल्सी थापाको भदौ ८ गते बिहिबार निधन भयो । तुल्सी सरले आफ्नो जीवन सार्थक तुल्याउनुभयो, धेरै ज्ञात, अज्ञात व्यक्तिले तुल्सी सरबाट ज्ञान, सीप, शिक्षा प्राप्त गर्नुभयो । उहाँले आफूले बाँच्नुभएको जीवनमा कुनै इच्छा बाँकी रहेन होला सायद । तुल्सी सरका रहर र आकांक्षा कुनै अपुरा रहे भन्ने मैले महसुस भएको छैन । तर, उहाँको एउटा इच्छा भने अधुरै रह्यो । भोलिका दिनमा हामीले उहाँको इच्छा पूरा गरौंला । उहाँको इच्छा पूरा भएको उहाँले नै थाहा पाउने अवस्था नहुनु दुखद् हो ।

लोककवि गणेशलाल श्रेष्ठको प्रतिमा भीमफेदीमा स्थापित गर्ने तुल्सी थापा सरको इच्छा थियो । मकवानपुर जिल्लाको पुरानो सदरमुकाम सुन्दर भीमफेदीमा भीमफेदीकै लोककवि स्व. गणेशलाल श्रेष्ठको प्रतिमा स्थापित गर्न खोज्दा अन्तिम दिन एक किसिमको अवरोध रह्यो । भीमफेदी बजारस्थित ज्योति पुस्तकालय परिसरमा स्व. श्रेष्ठको प्रतिमा अनवारण गर्ने तय भएको अघिल्लो रात प्रतिमा चोरी भयो । के कारणले स्व. श्रेष्ठको प्रतिमा चोरी भयो भन्ने थाहा हुन सकेन । तर, केहीदिन पछि स्व. श्रेष्ठको प्रतिमा प्रहरीले खोजी गर्न सफल भयो ।

पूर्वनिर्धारित समयमा प्रतिमा अनावरण गर्न नसके पनि पुनः स्व. श्रेष्ठको प्रतिमा भीमफेदीको ज्योति पुस्तकालय परिसरमा पुनर्स्थापित गर्ने इच्छा तुल्सी सरको थियो । शुक्रबार तुल्सी सरको निधन भएसँगै लोककवि गणेशलाल श्रेष्ठको प्रतिमा पुनःस्थापित गर्ने सपना अधुरै रह्यो । मकवानपुरको पुरानो ऐतिहासिक शहर तथा पुरानो सदरमुकाम भीमफेदीमा जन्मनु भएका गणेशलाल श्रेष्ठ मकवानपुरका पहिलो श्रष्टा, गीतकार, संगीतकार, हास्यव्यङ्ग्यकार तथा लोक साहित्य परिषद्बाट लोककविको उपाधि प्राप्त बहुमुखी प्रतिभाका धनी हुनुहुन्थ्यो । २०११ सालको बाढिपहिरो भन्दा अगाडिको भीमफेदी बजार देशको चारैतिरबाट र बिदेशबाट समेत नेपाल आउ-जाउ गर्ने मुल प्रवेशद्वार थियो । आर्थिक सामाजिक साँस्कृतिक साथै धार्मिक रुपले समेत सवल र सक्षम बजार थियो भीमफेदी बजार । त्यो पृष्ठभूमिमा लोककवि गणेशलाल श्रेष्ठको साहित्यिक, साँस्कृतिक र धार्मिक भूमिका पनि महत्वपूर्ण थियो । लोककविको २०६८ श्रावण ५ मा एक सय वर्ष पुगेको सतवार्षिक समारोहका प्रमुख व्यक्तित्व तथा सभापति तुल्सी थापा सर हुनुहुन्थ्यो । उहाँकै अगुवाइमा हेटौंडा, काठमाडौं, पोखरा, भीमफेदी लगायतका ठाउँहरुमा शताब्दी पुरुष सत्यमोहन जोशी, नेपाल कला तथा संस्कृति प्रतिष्ठानका कुलपति अम्बर गुरुङ, वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठ, परराष्ट्रविद् तथा लेखक हिरण्यलाल श्रेष्ठ लगायत लब्धप्रतिष्ठित व्यक्तिहरु सम्मिलित गराई सप्ताहव्यापी सतवार्षिकी समारोह भव्यरुपमा सम्पन्न भएको थियो ।

मकवानपुरका साथै साहित्यिक जगतका व्यक्तिहरुले गोरब मान्ने लोकप्रिय कवि गणेश लालको उहाँ जन्मेको हुर्केको र योगदान पुऱ्याएको स्थानमै प्रतिमा स्थापना होस् भन्ने चाहना तुल्सी थापा सर लगायत हामी सबै मकवानपुरबासीको पनि थियो । प्रतिमा स्थापना गर्नेक्रममा थापा सर लगायत हामीले भीमफेदी गाउँपालिकाका अध्यक्ष ज्यु लगायतका व्यक्तिहरुसँग सम्बन्ध राख्दै तात्कालिन वडा अध्यक्षबाट शिलान्यास गरायौं । शिलास्तम्भ निर्माण सम्पन्न गरी प्रतिमा अनावरण गर्न लेखक, परराष्ट्रविद् सम्मानित व्यक्तित्व हिरण्यलाल श्रेष्ठलाई निम्त्यायौं । भव्य समारोहका साथ अनावरण हुने बिहान चारैतिरबाट जम्मा भएका व्यक्तिहरु त्यही रात प्रतिमा चोरी भएको थाहा पाएर खिन्न मन लिएर आ-आफ्नो स्थानमा फर्कनु पऱ्यो । हामीले मूर्ति खोजी गर्न र चोरी गर्नेलाई कारबाही गर्न इलाका प्रहरी कार्यालय भीमफेदीलाई अनुरोध गऱ्यौं । प्रहरीले खोजी गरी प्रतिमा त फेला पाऱ्यो तर चोर पत्ता लगाएन । एउटा सर्वमान्य प्रतिभाको प्रतिमा भीमफेदी थानाको अँध्यारो कोठा भित्र धुलो लागेर कैदीको रुपमा राखिएको छ ।

केही व्यक्तिको अवरोधका साथै राजनीतिक खिचातानीका कारण त्यस स्थानमा मूर्ति पुनर्स्थापना हुन सकेको छैन । हामीले भीमफेदी गाउँपालिकाका अध्यक्ष र वडाअध्यक्षलाई लोककविको प्रतिमा पुनर्स्थापना गर्न सक्ने भए स्थापना गर्न र नसक्ने भए भीमफेदीदेखि अन्यत्र लैजान अनुमति दिन अनुनय विनय गर्दै आए पनि केही अबाञ्छित व्यक्तिको अवरोधका कारण जवाफ दिनबाट पन्छिनु भएको छ । लोककवि सतवार्षिकी समारोहका आदरणीय सभापति थापा सर उहाँको अनन्त यात्रा हुनु केही महिना अगाडिसम्म पनि लोककविको प्रतिमा पुनर्स्थापित गर्नुपर्ने बारे चिन्तित हुनुहुन्थ्यो । अन्ततः कुनै विवादै हुनु नपर्ने नेपाली, नेवारी र तामाङ भाषामा समेत कलम चलाउने, गीत लेख्ने, साँस्कृतिक र धार्मिक व्यक्तित्व लोककविलाई केहि अबाञ्छित व्यक्तिका कारण जन्मेकै ठाउँमा अपहेलित भएर अनिर्णयको बन्दी बन्नु परेको छ भने थापा सरको सपना पनि अधुरै हुन गयो । थापा सरको अवसानपछि हामी मकवानपुर बासीले अर्को एउटा जाज्वल्यमान साहित्यिक र शैक्षिक नक्षत्र गुमाउनु पऱ्यो । यतिबेला हामी उहाँको अवसानमा शोकाकुल छौं ।

# शुल्क होइन, गुणस्तर वृद्धि गर



सरोज अधिकारी

इन्जिनियरिङ अध्ययन संस्थान आफ्नो स्थापनाकाल वि.सं. १९८७ देखि सदैव देशमा प्राविधिक जनशक्ति उत्पादन गर्ने एउटा पुरानो र भरपर्दो प्राज्ञिक थलोको रुपमा परिचित छ । प्राविधिक शिक्षाप्रति रुचि र गन्तव्य राख्ने विद्यार्थीका लागि स्नातक तहमा अधिकांशको पहिलो प्राथमिकता त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थान नै पर्दछ ।

कहिले नतिजामा त कहिले यहाँबाट उत्पादित कतिपय विद्यार्थीले देश-विदेशमा ख्याति कमाएको विषयलाई लिएर आफ्नो अस्तित्व सिञ्चन गर्दै गजक्क परिराख्ने इन्जिनियरिङ अध्ययन संस्थान पछिल्लो समय पढाइको गुणस्तरलाई तिलाञ्जली दिएर निराधार र अशोभनीय ढंगले शुल्क बढाउने प्रयत्नमा देखिन्छ ।

देशमा शैक्षिक गुणस्तरको दुरवस्था केही साताअघि राष्ट्रिय परीक्षा बोर्डले प्रकाशित गरेको कक्षा १२ को नतिजामा झन्डै ५० प्रतिशत अनुत्तीर्ण हुनुले पनि राम्रैसँग उदाङ्गो पारिसकेको छ । हुनत यो हाम्रो लागि नौलो रेकर्ड होइन, नियति हो ।

हरेक देशको शैक्षिक अवस्थाले त्यस देशको भविष्यको सफलतालाई प्रतिबिम्बित गर्ने गर्दछ तर हाम्रो देशको आधारभूत तहकै शिक्षाको यस्तो हालतले भविष्यप्रति राम्रो प्रक्षेपण पक्कै गर्दैन । छिमेकी देश भारतमा पनि कक्षा १२ को औसतमा उत्तीर्ण प्रतिशत ८५ को हाराहारी छ । हाम्रो देशको पढाउने शैली, सरसामग्री, शिक्षकको उपलब्धता, विद्यार्थीको लगाव, गुणस्तरीय पाठ्यक्रम र जीवनोपयोगी छैन । त्यसकारण सुन्तला फलाउन सुन्तलाकै बेर्ना रोप्नुपर्छ भनेर हामी स्पष्ट हुनुपर्छ ।

देशको पुरानो त्रिभुवन विश्वविद्यालय मातहत इन्जिनियरिङ अध्ययन संस्थानको आर्थिक स्रोत थोरै विद्यार्थीको शुल्कबाट उठाएर बाँकी सरकारको लगानीमा चलेको छ भन्ने बताइन्छ । तर अहिले सरकारले लगानी गर्न आनाकानी गरेको र आङ्गिक क्याम्पस चलाउनै नसक्ने अवस्थामा पुगेको बहानामा प्रवेश परीक्षा फारम खुलेको केही दिनलगत्तै विद्यार्थीलाई उपहारस्वरुप संस्थानले एकैपटक २०० भन्दा बढी प्रतिशत शुल्क बढाउने प्रयत्न गरेको छ ।

शैक्षिक वर्ष २०८०/८१ को भर्ना समूहदेखि लागू हुने गरी संस्थानले नियमित, पूर्णशुल्कीय र विदेशी विद्यार्थीका लागि क्रमशः रु.८३ हजार ४२०, रु.७ लाख ७५ हजार ४२० र रु.१५ लाख ९९ हजार ३२० शुल्क विवरण सार्वजनिक गरेको छ । अहिले २०७९ भर्ना समूहसम्म सोही विषय अध्ययन गर्न नियमित र पूर्णशुल्कीयतर्फ क्रमशः रु.३६ हजार र रु.२ लाख ८० हजारमा पुग्दछ ।

चर्को रुपमा शुल्क बढिसकेपछि विद्यार्थीले प्रश्न उठाउनु नाजायज नहोला। आज सबैको विरोधको आवाज अराजक नै हुनुपर्छ भन्ने छैन तर यस्तो अवैज्ञानिक शुल्क वृद्धि कसैलाई मान्य हुनेछैन । यदि सरकार यस विषयमा मूकदर्शक बनिरहने र अध्ययन संस्थानले मनमौजी गरिरहने हो भने विरोधको मात्रा बढ्न सक्छ ।

शिक्षा प्राप्ति हरेक नागरिकको आधारभूत मानवअधिकार हो तर गरिब र जेहेन्दार वर्गको लागि इन्जिनियरिङ शिक्षा 'आकाशको फल आँखा तरी मर' भने जस्तो हुने भएको छ । त्यसका अलावा बिहानदेखि बेलुकासम्म देशमै जागिर गरेर गुजारा चलाइरहेको एउटा सामान्य मध्यम वर्गीय परिवारको अभिभावकलाई आफ्नो सन्तानले इन्जिनियरिङ पढ्ने सपना बुन्दै गर्दा त्यो कलिलो सपनाको हत्यारा बन्नुपर्ने अप्ठ्यारो अवस्थामा धकेल्न संस्थानको यो निर्णयले ठूलो टेवा पुऱ्याउनेछ ।

एकै वर्षमा प्रारम्भिक अध्ययन, रणनीतिक योजना, प्रक्षेपण र गुरुयोजना विना नै आधारहीन रुपमा संस्थानले बढाएको शुल्कको 'हास्यास्पद मुभ' प्रति स्वीकार-भाव प्रकट गर्ने आधार नै छैन । संसारका कुनै पनि अग्रगामी राष्ट्रहरु आफैं सम्पन्न र समृद्ध भएका होइनन् । शैक्षिक क्षेत्रमा गरेको असिम सफलताको प्रतिफल ती राष्ट्रहरुले समृद्धिको शिखर चुमेका उदाहरण हाम्रासामु छन्। तर दुर्भाग्य नै भन्नुपर्छ हाम्रो देशले अझैसम्म पनि शिक्षाको महत्वलाई बुझ्न सकिरहेको देखिंदैन ।

शुल्क बढाउनुलाई नै शैक्षिक सुधारको खुड्किलो अर्थात् गुणस्तर परिवर्तनको 'निर्विकल्प विकल्प' मान्ने संस्थान लगायत सम्पूर्ण शिक्षा प्रदान गर्ने निकाय सर्वप्रथम त यो नकावबाट बाहिर निस्कन जरुरी छ । नेपालको संविधान २०७२ मै राज्यका विभिन्न नीतिमध्ये आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने भनेर प्रष्ट रुपमा कोरिएको छ ।

राज्यको सफलता तथा असफलताको उत्तरदायित्व यिनै सिद्धान्त माथि रहन्छ । र, एउटा आधारभूत नीतिलाई कुल्चेर यसरी चर्को शुल्क वृद्धि गर्दै जाने परिपाटी बसाल्न खोज्नु संविधान नमान्नु हो । राज्य नै संविधानको मर्म र भावना विपरीत कर्ममा उत्रनु विडम्बनापूर्ण अवस्था हो ।

हो, यथास्थितिमा कुनै पनि आंगिक क्याम्पसहरु स्वतस्फूर्त रुपमा चल्न सक्दैनन् भन्ने कुरा ज्ञातव्य नै छ । करारका शिक्षकलाई दिने पारिश्रमिकदेखि कलेजमा रहेका उपकरण मर्मतसंभार, शैक्षिक भ्रमणदेखि कर्मचारी पनि व्यवस्थापन गर्न नसक्ने अवस्था पंक्तिकारले नजिकबाट देखेको छ । तर सरकारी क्याम्पसमा साधन स्रोतको प्रबन्ध मिलाउन सरकार स्वयं जिम्मेवार रहनुपर्दछ ।

विद्यार्थीबाट चर्को शुल्क असुलेर संविधानमा प्रदत्त विद्यार्थीका शिक्षा सम्बन्धी मौलिक हक र उल्लेखित राज्यका नीतिहरु कुल्चेर संविधान लेखेको समाजवाद उन्मुख राष्ट्र बनाउने लक्ष्यले सार्थकता पाउँदैन । छिमेकी देशले अन्तरिक्षमा यान पठाएर सकुशल अवतरण गरेको सूचना अखबारमा सुन्न पाइन्छ। १०० घन्टामा १०० किमी 'बिटुमिन कंक्रिट रोड' बनाएर विश्व कीर्तिमानी राख्दछ तर हाम्रो संस्थानले भने 'पेभमेन्ट डिजाइनको' १० वटा विधि रटाउँछ जहाँ कि भोलि कार्यक्षेत्रमा उत्रँदा ११ औं विधिबाट डिजाइन गरिन्छ जुन हाम्रो पाठ्यक्रममा समावेश हुँदैन । यसरी सेतो पानामा कालो अक्षरले कुँदिएको डिग्रीको खोस्टो पाउनका निम्ति मात्र अबका विद्यार्थी ८ लाख तिर्नेवाला छैनन् । यस विषयप्रति संस्थानको ध्यान जान जरुरी छ ।

विद्यार्थीको भविष्यसँग देशको भविष्य जोडिएको हुन्छ । आजका विद्यार्थी भोलि देशका चालक हुन् । जबसम्म शिक्षालाई नाफाको गिद्देदृष्टिबाट हेर्न छाडिँदैन, तबसम्म त्यो देशको भविष्य अन्धकारबाट माथि उठ्न सक्दैन । अर्थात् भोलिका चालक सीपविहीन, अयोग्य, अवसरविहीन बन्न पुग्दछन् ।

शैक्षिक क्षेत्र कमाउने उद्योग होइन ।

...बाँकी पृष्ठ ३ मा

# आधारभूत तहका विद्यार्थीबीच कथा लेखन र वाचन प्रतियोगिता


स्थलगत कथा लेख्दै विद्यार्थी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१६, हटियास्थित जनप्रिय माविमा आधारभूत तहस्तरीय स्थलगत कथा लेखन र वाचन प्रतियोगिता भएको छ। शनिबार भएको प्रतियोगितामा १० वटा विद्यालयका २० जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतिस्पर्धी कथामध्ये उत्कृष्ट १० छनौट गरी त्यसबाट सर्वोत्कृष्ट ४ कथालाई पुरस्कृत गरिएको छ।

माइ भिलेज लर्निङ भिलेज, गलीगली र पाल नेटवर्कसँगको सहकार्यमा हेटौँडा-१६, हटियास्थित जनप्रिय मावि र दिव्यसेवा जनप्रिय बाल समूहको आयोजनामा प्रतियोगितामा भएको हो । जनप्रिय बाल समुहकी अध्यक्ष सृष्टी अधिकारीको अध्यक्षता तथा वडाअध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । प्रतियोगितामा जनप्रिय मावि कक्षा ७ की छात्रा रोजिना तिमल्सिना प्रथम, जनप्रिय माविकै कक्षा ८ का छात्र विश्वास श्रेष्ठ द्वितीय र चन्द्रोदय माविकी छात्रा रितिका खतिवडा तृतीय भइन् । यस्तै सुनगाभा शिक्षा निकेतनकी सुविसा दुलाल सान्त्वना भइन् ।

कार्यक्रममा स्थलगत रुपमा कथा लेखन गरेपछि छनौटमा परेका उत्कृष्ट १० कथा वाचन समेत गरिएको थियो । लेखन र वाचनलाई आधार मानेर निर्णायकहरुले निर्णय गर्नु भएको थियो । कार्यक्रममा बाल अभियान तथा सहक्रियाकलाप सहयोग गर्ने जनप्रिय माविको मिडिया विभागका संयोजक सुनिल गौतम, शिक्षकहरू उमा श्रेष्ठ, यशोदा भट्टराई, सीता गुरुङ्गलाई नगद एवम् प्रमाणपत्रसहित सम्मान गरिएको थियो । कार्यक्रममा वडा सदस्य गुरूप्रसाद ढकाल, जनप्रिय माविका प्रधानाध्यापक भुपेन्द्र चौलागाईं, अतिरिक्त क्रियाकलाप एवम् साँस्कृतिक विभाग संयोजक युक्तलाल विश्वकर्माको पनि आतिथ्य रहेको थियो ।

# श्रमिक माविमा दन्त शिविर


दन्तपरीक्षण गर्दै ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माविमा आइतबार दन्त शिविरको आयोजना गरिएको छ । पूर्वविद्यार्थीहरुको श्रमिक क्रियाशील विद्यार्थी समूहले आयोजना गरेको शिविरमा विद्यार्थी, अभिभावक, शिक्षक र स्थानीय गरी कुल ४ सय ९८ जनाको दन्त परीक्षण गरिएको विद्यालयका सहायक प्रधानाध्यापक गोपीरमण प्याकुरेलले जानकारी दिनुभयो ।

दन्त चिकित्सक महम्मद करिम र सुनिरा कार्कीले स्वास्थ्य परीक्षण गर्नुभएको थियो । शिविर आयोजनाका लागि श्रमिक माविको युवा रेडक्रस सर्कल र हेटौँडा-४ स्थित मोहन बज्राचार्य सहरी स्वास्थ्य केन्द्रले सहयोग गरेको थियो । श्रमिक क्रियाशील विद्यार्थी समूहले विद्यालयमा विविध क्रियाकलाप गर्दै आएको छ । समूहले विद्यालयमा अध्ययनरत २३ जना विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गर्दै आइरहेको छ ।

# पटाकासहित तीन युवक पक्राउ

**काठमाडौँः एक हजार दुई सय २३ केजी पटाकासहित तीन युवक पक्राउ परेका छन् । उनीहरूलाई शुक्रबार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको हो ।**

**पक्राउ पर्नेहरूमा रौतहट राजदेवी नगरपालिका–१ घर भई हाल काठमाडौं महानगरपालिका–१३ ताहाचल बस्ने ३२ वर्षीय राजु भन्ने दिपक मण्डल, भारत बिहार बेतिया मजौलिया थाना सेनवरिया ग्राम घर भई हाल काठमाडौं महानगर पालिका–१३ बस्ने २८ वर्षीय धर्मेन्द्र साह र सर्लाही चक्रघट्ट गाउँपालिका–५ घर भई गोकर्णेश्वर नगरपालिका–५, जोरपाटी बस्ने २८ वर्षीय मुकेश मण्डल छन् ।**

**उपत्यका अपराध अनुसन्धान कार्यालयले विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरेको हो । ६५ बोरा पटाकासहित उनीहरूलाई ताहाचल, मान्टारबाट पक्राउ गरिएको हो । उनीहरूलाई विष्फोटक पदार्थसम्बन्धी कसुरमा थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।** *(स्रोतः सेतोपाटी)*

# शुल्क होईन...

यो त सके निःशुल्क नत्र सस्तो र सर्वसुलभ माध्यमबाट विद्यार्थीलाई 'गुणस्तरीय शिक्षा' प्रदान गर्ने पवित्र थलो हो। नाफाको सोच र उद्देश्य हावी भएपछि यसका सामु अरु शैक्षिक मुद्दा, सेवा, सुविधा र गुणस्तरका सवालहरु ओझेल अर्थात् तपसिलमा पर्दछन् र पछिल्ला शैक्षिक क्षेत्रका सादृश्यले पनि यही कुरा इंगित गर्दछन् ।

प्रश्न अनगिन्ती छन् । एकपटक वर्तमान समयमा विद्यार्थीलाई दिएको सेवासुविधा, संस्थानको आंगिक क्याम्पसहरुको अवस्था र नतिजा (उत्पादन) प्रति कसैले न्यायाधीश बनेर फाइल पल्टाएर वा सम्पूर्ण आंगिक क्याम्पसबाट रिपोर्ट कार्ड मगाएर हेर्छ भने उसको ओठमा हाँसो पक्कै आउने छैन। यसका बावजुद पनि यस्तो चर्को शुल्क वृद्धि भन्ने सवाल एक सामान्य प्रश्न मात्र नभएर जायज मुद्दा बन्न पुग्छ। जुन मुद्दा लिएर स्वतस्फूर्त रुपमा आज नजिकिंदो परीक्षालाई (भदौ १७ देखि) बेवास्ता गरी विद्यार्थी आन्दोलन अर्थात् विद्रोहमा सामेल हुन बाध्य छन् । यी मुद्दाहरु विद्यार्थीका मुद्दा हुन् । यसलाई सस्तो लोकप्रियता कमाउन वा राजनीतिक अस्तित्व प्रस्फुटन गर्ने माध्यम भने बनाइनुहुँदैन ।

जुन क्षेत्रमा विद्यार्थी पढ्न छाडेर पटक-पटक सडकमा आन्दोलनमा उत्रिनुपर्दछ, त्यहाँको शैक्षिक स्तर सजिलै अनुमान लगाउन सकिन्छ। इन्जिनियरिङ अध्ययन संस्थानको गुणस्तर बढाउनेतिर ध्यान कहिल्यै नजाने, कुन क्याम्पसमा केके रिसोर्स पुगेको छ छैन, डिस्कोर्सका विषयहरु के कस्ता छन्, हाम्रा विद्यार्थीलाई प्रतिस्पर्धी र आत्मविश्वासी बनाउन सैद्धान्तिक ज्ञानका अतिरिक्त केकस्ता सप्लिमेन्टहरु प्रदान गर्नुपर्नेछ, दिनहुँ शैक्षिक स्तर खस्कँदै गइरहेको गम्भीर विषयलाई सुधार ल्याउन के कस्तो प्रणाली अवलम्बन गर्ने भन्ने विषयमा कहिले ध्यानाकर्षण होला ? नाममा प्राविधिक- काम, बुझाइ र सिकाइमा सदैव अप्राविधिक भइरहने अनि शुल्क वृद्धि गर्न यस्तो हतारो चाहिं किन ?

आदरणीय डीनज्यू, तपाईं आज विराजमान भएको संस्थानको प्रोडक्टको मार्केटमा कस्तो स्थिति छ, बुझ्नुभएको छ ? क्याम्पसको गुणस्तर सुधार्न कहिल्यै दिलचस्पी पसेको छ ? सधैं यथास्थितिवादमा अल्झनेले देश-विदेश भ्रमण गरेर खै के योगदान पुऱ्याउनुभयो ? रिसर्चको यो दुनियाँमा तपाईंका विद्यार्थी कहाँ छन् ? पुल्चोक क्याम्पस बाहेक अन्य क्याम्पसमा किन तपाईंहरूको ध्यान पुग्दैन ? सामान्य आधारभूत पूर्वाधारका विषयमा आर्तनाद गर्नुपरेको कहिल्यै सुन्नुभएको छ ?

उत्तीर्ण भइसकेपछि १५ हजारको जागिरका लागि १५० वटा कन्सल्टेन्सीमा 'सीभी' डुलाउनुपर्ने तर जागिर पहुँच र निकटताका आधारमा मात्र दिइन्छ । यो परिपाटी सृजना हुनै नदिने, आफ्ना विद्यार्थी जागिर खोज्न जाने हैन विभिन्न कम्पनीले विद्यार्थीलाई खोज्न आउने गरी पढाइको सेवासुविधा र स्तर बढाउनुपर्छ भन्ने कुरा तपाईंको मानसपटलमा आएन ?

सर्वप्रथम त ८ लाख तिरेर ८ हजारको जागिरमा अल्झिन कोही विद्यार्थी इन्जिनियर बन्न नै चाहँदैन । चाहिहाले पनि यहाँको शुल्कमा केही थपथाप गरेर भविष्य सुनिश्चित हुने अवसर देखेर पढ्नका लागि विदेशिन्छन्।

विडम्बना 'म' जस्ता कैयौं देशमै केही गरौं भनेर देशमै इन्जिनियरिङ शिक्षा लिनेहरु निरुत्साहित गराउन सरकार र शैक्षिक नेतृत्व नै लागिपरेको छ भनेर निष्कर्ष निकाल्नुपर्ने अवस्था आएको छ ।

यसर्थ, एकैपटक विना कुनै सेवा र गुणस्तरको आधार नदेखाई, हाम्रा बुवा पुस्ताले पढेको त्यही 'आउटडेटेड सिलेबस' पढाएर शुल्क वृद्धि गर्ने बाटो खोल्न अनेक उपाय खोज्ने काम भइरहेको छ। देशको आवश्यकता र सान्दर्भिकता नबुझी कुनै विदेशी नाम चलेको युनिभर्सिटीको 'सिलेबस' कपिपेस्ट गरी परिवर्तन गरेको हौवा पिट्न ठूला-ठूला मिडियामा क्याम्पसको गुणस्तरलाई 'आईआईटी' को लेभलमा पुऱ्याइनेछ भनी शंख फुक्ने काम भइरहेको छ ।

तर पनि एउटा कुरा किटेरै के भन्न सकिन्छ भने यही पुरातन पढाउने शैली, शिक्षक, पूर्वाधार, प्रयोगशाला र परिपाटीबाट अर्थात् 'नयाँ बोत्तलमा पुरानै रक्सी' भने झैं गरेर शैक्षिक गुणस्तरमा कुनै पनि तात्विक अन्तर आउँदैन ।

पाठ्यक्रम समयसापेक्ष अद्यावधिक गरौं, सबै विभागमा पढाइ नसकिंदै इन्टर्न गर्नुपर्ने अनिवार्य शर्त राखौं। अनुसन्धानलाई प्रोत्साहन गरौं । सिकाइ, लेखाइ र बुझाइ जीवन उपयोगी गराऔं । त्रिभुवन विश्वविद्यालयको रातो बुकमा उल्लेखित आङ्गिक क्याम्पसमा हुनुपर्ने न्यूनतम पूर्वाधार कायम गराऔं नत्र खारेज गरौं ।

सर्भे गरी अनावश्यक सिट संख्या घटाऔं, क्याम्पस प्रमुखको खल्तीबाट 'पार्टटाइम शिक्षक' हैन विधि प्रक्रिया सहित स्थायी शिक्षकको पर्याप्त माग गरी नियुक्त गरौं । क्याम्पस प्रमुखदेखि डीनसम्म राजनीतिक निकटता र प्रबलताको आधारमा नभई योग्यता र अनुभवको आधारमा नियुक्त गरौं। पहिले यति कुराको विश्वसनीय वातावरण सिर्जना होस् ।

'ब्रेन ड्रेन' ले गाँजेको देशको वर्तमान परिस्थितिमा देशकै अब्बल मानिने पुरानो प्राविधिक संस्थानले विदेशिन प्रश्रय दिने गरी निर्णय गरेको यो चर्को शुल्क वृद्धि यथोचित परिमार्जन हुन जरुरी छ। शुल्क वृद्धि हुनै नहुने, यसलाई अतिरञ्जना गरेर केही लाभका लागि विरोधको मादल घन्काइरहनु पनि उचित छैन । समयले सबै कुराको बढोत्तरी नै माग्छ तर विद्यमान परिस्थिति र यही सेवा-सुविधामा भने एक पैसा पनि वृद्धि गर्नु जायज छैन। चर्को शुल्क वृद्धि पश्चात् कक्षाकोठाले विद्यार्थी खोज्ने, विद्यार्थीले अरु विकल्प खोज्ने दिन नआउला भन्न सकिंदैन । यसप्रति सबै सरोकारवालाको ध्यानाकर्षण होस् ।

यसर्थ आउनुहोस्, सबै जुटौं। गलत मनसाय, गलत समयमा, अवैज्ञानिक तौर-तरिका र नियतले शुल्क वृद्धि गराएर विद्यार्थीको पढ्न पाउने संविधानप्रदत्त अधिकारमाथि कुठाराघात गर्ने इन्जिनियरिङ अध्ययन संस्थानको निर्णयको विरोध गरौं । आज नबोले भोलि हाम्रा लागि बोल्ने कुरा केही रहने छैनन् ।

*(लेखक इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसका नेविसंघ इकाई सचिव हुन् । स्रोतः अनलाईनखबर)*

# गाई काटेको अभियोगमा तीन जना पक्राउ

**तनहुँः तनहुँमा गाई काटेको अभियोगमा तीन जना पक्राउ परेका छन्। शुक्लागण्डकी नगरपालिका–६, कमलबोट बस्ने २९ वर्षीय रमेश नेपालीसमेत ३ जनालाई गाई काटेको अभियोगमा शनिबार साँझ प्रहरीले पक्राउ गरेको हो।**

**नेपालीले आफ्नै घरमा पाल्दै आएको गाईलाई बारीमा लगी काट्दै गरेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले गाई काट्दै गरेको अवस्थामा फेला पारी उनीहरूलाई नियन्त्रणमा लिएको बताइएको छ। घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। (स्रोतः रातोपाटी)**

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

## सूचना ! सूचना !! सूचना !!!

**यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।**

**हाम्रो सेवाहरू**

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा




**सम्पर्कः मकवानपुर पोलिक्लिनिक**
**हेटौँडा–१, भिन्तुनापथ**
**०५७–५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४**
**(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)**

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि




We Are Open
DURBAR MART
Hetauda–4,
Shitalmahal road

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# गुरुङ र चालिसेलाई मातृभूमिले सम्मान गर्ने

समाज संवाददाता

हेटौँडाः मातृभूमि साहित्य समाज मकवानपुरले प्रत्येक दुई वर्षमा प्रदान गर्ने "मातृभूमि राष्ट्रिय सम्मान २०८०" यस वर्ष वरिष्ठ संस्कृतिविद् प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति प्रा.डा. जगमान गुरुङलाई प्रदान गर्ने भएको छ। नेपाली संस्कृति क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएवापत गुरुङलाई नगद २५ हजार १ रुपैयाँ राशिको पुरस्कार प्रदान गर्न लागिएको मातृभूमि साहित्य समाजले जनाएको छ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति प्रा.डा. जगमान गुरुङ नेपाली इतिहास एवम् संस्कृति क्षेत्रका गहन अध्येता हुनुहुन्छ। विभिन्न प्रतिष्ठान तथा विश्वविद्यालयको महत्वपूर्ण जिम्मेवारी सम्हाल्नुभएका प्रा.डा. गुरुङको शोधपत्र लेखन एवम् अनुसन्धान कार्यमा गहन भूमिका रहेको छ। यसैगरी संस्थाका कार्यसमिति सदस्य किशन पौडेलद्वारा स्थापना गरेको नगद ११ हजार १ सय ११ रुपैयाँ राशिको "मातृभूमि लघुकथा रत्न सम्मान-२०७९" लघुकथालयका सर्जक वरिष्ठ लघुकथाकार डा. विदुर चालिसेलाई समर्पण गर्ने निर्णय गरेको छ। डा. चालिसेले लामो समयदेखि लघुकथाको क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै आउनु भएको छ। प्राध्यापनबाट सेवा निवृत्त जीवन बिताइरहनु भएको डा. चालिसेका नेपाली भाषामा प्रकाशित विभिन्न लघुकथा सङ्ग्रह, कविता, भाषा, अनुसन्धान र समालोचनाका पुस्तकहरु प्रकाशित छन्।

आगामी असोज ६ गते मातृभूमि साहित्य समाजको २५औं वार्षिकोत्सवको अवसरमा हेटौँडामा भव्य कार्यक्रम आयोजना गरेर दुवै पुरस्कार समर्पण गर्ने निर्णय भएको मातृभूमि साहित्य समाजका अध्यक्ष माधव पोखेलले जानकारी दिनुभएको छ। मातृभूमिको वार्षिकोत्सवकै अवसरमा महाकाव्यकार मुना अर्यालको दोस्रो महाकाव्य "महाकाश" को विमोचन पनि गरिने बताइएको छ।

# लागुऔषधसहित एकजना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरी जिल्लाको राजबिराजका २४ वर्षीय मोहम्मद सोनु खान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ।

शुक्रबार राति ९ बजेर ४० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टमा गाईघाटबाट पोखरातर्फ जाँदै गरेको ग १ ख ९८२३ नम्बरको यात्रुबाहक बसको सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार खानको साथबाट लागुऔषध बरामद गरेको हो। उनको साथबाट प्रहरीले लागुऔषध नाईट्राजेपाम १ सय ५२ पिस र ट्रामाडोल ५ पिस बरामद गरेको छ। बरामद भएको लागुऔषधसहित खानलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ।

## विद्यालयमा आमा भेला

# आमा, शिक्षक र विद्यार्थी सम्मानित



*विद्यार्थीलाई पुरस्कृत गर्नुहुँदै मन्त्री कुमारी मोक्तान।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-१, सानुटारस्थित राष्ट्रिय माध्यमिक विद्यालयले आमा भेला आयोजना गरेको छ। गत शुक्रबार आयोजना गरिएको भेलामा आमा, शिक्षक र विद्यार्थीलाई सम्मान समेत गरिएको छ।

भेलामा सबैभन्दा पहिले उपस्थित हुने आमा, २०७९ को एसईईमा उत्कृष्ट नतिजा ल्याउन सहयोग गर्ने शिक्षक, एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मानित गरिएको छ। उत्कृष्ट नतिजा ल्याउन सहयोग गरेको भन्दै सामाजिक विषयका शिक्षक जुलुमदेवी बलामीलाई सम्मानपत्रले सम्मानित गरिएको छ। यस्तै २०७९ को एसईईमा उत्तीर्ण भएका २६ जना विद्यार्थी, एसईईमा विषयगत रुपमा उत्कृष्ट स्थान नतिजा ल्याउन सफल २ जना विद्यार्थीलाई नगदसहित सम्मान गरिएको छ। सामाजिक विषयमा उत्कृष्ट नतिजा ल्याउने २ जना विद्यार्थीलाई शिक्षक बलामीले ५/५ हजार रुपैयाँसहित सम्मान गरिएको हो।

विद्यालयले बी प्लास ल्याउने ३ जना विद्यार्थीलाई नगदसहित सम्मान गरेको छ भने कक्षा १ देखि १० सम्मका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेका विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ। सोही अवसरमा कक्षा १ देखि ८ सम्मका छात्रालाई छात्रवृत्ति र कक्षा १ देखि १० सम्मका सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामेश्वर थिङको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा आमा भेला भएको हो।

विद्यालयको प्रगति विवरण प्रधानाध्यापक मानबहादुर घलानले प्रस्तुत गर्नुभयो। विद्यालयको शैक्षिक गतिविधिबारे विद्यालयका सहायक प्रधानाध्यापक भीम कुमारी पाखिनले जानकारी दिनुभयो। भेलामा १ सय ५६ जना आमा तथा अभिभावकहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा भीमफेदी गाउँपालिकाका उपाध्यक्ष सञ्जिव श्रेष्ठ, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमलाल महर्जन, १ नम्बर वडा अध्यक्ष सोम बहादुर स्याङ्तान, पालिकाका शिक्षा शाखा प्रमुख प्रदीप पराजुली लगायतको आतिथ्य रहेको थियो।

# २३ जनामा डेंगु संक्रमण

समाज संवाददाता

हेटौँडाः चितवनमा दूध बोक्ने ट्याङ्करमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मुग्लिनबाट नारायणगढ आउँदै गरेको ग १६ प ६९६८ नम्बरको मोटरसाइकल चितवनको भरतपुर महानगरपालिक-२९, पन्ध्रकिलोमा बा-प्र-०१-००४ क ०५७३ नम्बरको दूध बोक्ने ट्याङ्करमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ।

दुर्घटनामा मोटरसाइकल चालक पर्वत जिल्लाको दुर्लाङ-१, धौलागिरी बस्ने ५८ वर्षीय हर्कबहादुर सुनार गम्भीर घाइते भएको र मोटरसाइकलमा पछाडि सवार नुवाकोटको शिवपुरी गाउँपालिका-६ बस्ने २९ वर्षीय सुवास तामाङ सामान्य घाइते भएका थिए। घाइते दुबैजनालाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा मोटरसाइल चालक सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ।

# अपहरणमा परेको बहाना गर्ने प्रजा पक्राउ

समाज संवाददाता

हेटौँडाः आफैँ लुकीछिपी बसी अपहरणको बहाना बनाउने एक जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-५ का ४६ वर्षीय कुमार प्रजा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

भदौ ३ गते बिहान ११:३० बजेको समयमा आफ्नो घरबाट हराई परिवारसँग समेत सम्पर्क नरहेको भनी प्रजाको श्रीमती आईती माया चेपाङ्गले प्रहरी कार्यालयमा हुलियासहितको निवेदन दिएपछि प्रहरीले खोजी कार्य सुरु गरेको थियो। प्रहरीले प्रजालाई आइतबार बिहान ५ बजेको समयमा मनहरी गाउँपालिका-४, नयाँबस्तीस्थित सूर्य बहादुर प्रजाको घरमा गई आफैँ लुकीछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

प्रजा र सोही गाउँका निर्मल भन्ने सानुबाबु रुम्बा बीचमा आर्थिक लेनदेन रहेको र दुवैजना बीच बादविवाद भएपछि प्रजा हराएको प्रहरीको अनुसन्धानमा खुलेको छ। लुकेर बसेको स्थानबाट पक्राउ गर्ने क्रममा प्रजाले प्रहरीसँग अभद्र व्यवहार गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ। प्रजालाई हिरासतमा राखी प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

# त्रिशुली नदीले बगाउँदा दुईजना बेपत्ता

समाज संवाददाता

हेटौँडाः चितवनको भरतपुर महानगरपालिका-२९, गाईघाटस्थित त्रिशुली नदीले बगाउँदा दुई जना बेपत्ता भएका छन्। शनिबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा त्रिशुली नदी किनारमा भरतपुरबाट पिकनिक खान गएका उनीहरुलाई नदीले बगाउँदा बेपत्ता भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ।

बेपत्ता हुनेमा चितवनको भरतपुर महानगरपालिका-१०, सप्तगण्डकी चोकका ३० वर्षीय अर्जुन प्रधान र ३० वर्षीय प्रवीन श्रेष्ठ रहेका छन्। दुवै जनालाई मुख धुने क्रममा नदीले बगाएर बेपत्ता भएको खबर प्राप्त हुनासाथ प्रहरी चौकी जुगेडीबाट प्रहरी हवल्दारको टोली, जिल्ला प्रहरी कार्यालय र विपदसहित-१६ जनाको प्रहरी टोली खटिएको थियो।

# पेस्तोलसहित एक जना पक्राउ

काठमाडौँः प्रहरीले बूढानीलकण्ठ-४, पासिकोटबाट एउटा ९ एमएम पेस्तोल र त्यसमा लाग्ने चार राउण्ड गोलीसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाडौँ-७ घर भएका २८ वर्षीय सुलभ भनिने सुरज श्रेष्ठ छन्।

जिल्ला प्रहरी परिसर, काठमाडौँका एसपी कुमोध ढुंगेलका अनुसार, उनी गुण्डागर्दी र लागूऔषध कारोबारमा संलग्न व्यक्ति हुन्। श्रेष्ठले पहिले रामेछाप घर भएर बौद्ध बस्ने चुस्पे भनिने सानुभाइ लामालाई धारिलो हतियार प्रहार गरेका थिए। त्यस प्रकरणमा ज्यानमार्ने उद्योगमा मुद्दा दर्ता भएर उनी ५ वर्ष कैद भुक्तान गरेर २०७१ सालमा छुटेका थिए। अहिले फेरि उनी हतियारसहित पक्राउ परेका हुन्। श्रेष्ठले किन र कहाँबाट हतियार ल्याएका थिए भन्ने विषयमा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ। (स्रोतः अनलाइनखबर)


हार्दिक समवेदना



जन्मः २०२५ माघ १८ गते
**स्व. ऋतु जोशी प्रधान**
स्वर्गारोहणः २०८० श्रावण ३१ गते

यस नेपाल भाषा खलःकी महासचिव आदरणीय **ऋतु जोशी प्रधान**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**महेश्वर श्रेष्ठ, अध्यक्ष**
**एवम् नेपाल भाषा खलः परिवार**
**हेटौँडा-१, भिन्तुनापथ**

हार्दिक श्रद्धाञ्जली



जन्मः २०२५ माघ १८ गते
**स्व. ऋतु जोशी प्रधान**
स्वर्गारोहणः २०८० श्रावण ३१ गते

नेपाल भ्यालुअर्स एसोसिएसन मकवानपुर च्याप्टरका सल्लाहकार हेटौँडा-४ निवासी आदरणीय पुरुषोत्तम प्रधान ज्यूकी श्रीमति **ऋतु जोशी प्रधान**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सगुन श्रेष्ठ, अध्यक्ष**
**एवम् नेपाल भ्यालुअर्स एसोसिएसन मकवानपुर च्याप्टर**
**हेटौँडा, मकवानपुर**

हार्दिक श्रद्धाञ्जली



जन्मः २०२५ माघ १८ गते
**स्व. ऋतु जोशी प्रधान**
स्वर्गारोहणः २०८० श्रावण ३१ गते

यस सितु बचत तथा ऋण सहकारी संस्था लिमिटेडकी संस्थापक सदस्य एवम् वर्तमान कार्यसमितिकी सदस्य आदरणीय **ऋतु जोशी प्रधान**को निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**गणेशकुमार श्रेष्ठ, अध्यक्ष**
**एवम् सितु बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**हेटौँडा-१, भिन्तुनापथ**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ